# राजस्व सुधार कार्ययोजना

## नासौँ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ

चैत्र, २०७८




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

| | |
|---|---|
| **शीर्षक :** | *राजस्व सुधार कार्ययोजना, २०७८* |
| **गाउँपालिका :** | *नार्सों गाउँपालिका, धारापानी, मनाङ* |
| **परामर्शदाता संस्था :** | *ए टू जेड इन्जिनियरिङ् कन्सल्टेन्सी प्रा.लि., कास्की* |
| **विज्ञ समूह :** | *विज्ञ समूह टोलिनेता : महेन्द्र प्रसाद लामिछाने*<br>*विज्ञ समूह सदस्य : भगवान खनाल* |
| **समन्वय र सहयोग :** | *प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी पोखरा* |
| **मिति :** | *चैत्र, २०७८* |

# कृतज्ञता ज्ञापन

नासोँ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पु¥याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घलेज्यु, उपाध्यक्ष श्री कमल माया गुरूङ ज्यु, प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव भेटवाल ज्यु, कार्यपालिकाका पदाधिकारीहरु साथै गाउँपालिकाका कर्मचारीहरूप्रति परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौ । त्यसैगरी यस कार्यलाई सफल पार्न आवश्यक समन्वय, रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नु हुने प्रदेश प्रशिक्षण केन्द्रका उच्च पदस्थ कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौ । साथै यस कार्ययोजना तयारीमा सहजीकरणको भूमिका निर्वाह गर्नुभएका विज्ञ समूह टोलिनेता श्री महेन्द्रप्रसाद लामिछाने र विज्ञ समूह सदस्य श्री भगवान खनाललाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

ए टू जेड इन्जिनियरिङ् कन्सल्टेन्सी प्रा.लि., कास्की
कास्की, पोखरा ।

# विषय सूची


| | |
|---|---|
| परिच्छेद एक : परिचय | २ |
| १.१ पृष्ठभूमि | २ |
| १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य | ३ |
| १.३ योजनाले राखेका उद्देश्यहरू | ४ |
| १.४ योजना तर्जुमाका विधि तथा प्रक्रियाहरू | ४ |
| १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन | ४ |
| १.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा रूजुसूची विकास | ६ |
| १.४.३ तथ्याङ्क/सूचना संकलन | ६ |
| १.४.४ कार्यशालाका सहभागिहरू | ७ |
| १.४.५ कार्यशालाहरूको आयोजना | ७ |
| १.४.६ प्रतिवेदन तयारी | ८ |
| १.५ योजनाका सीमाहरू | ९ |
| २.१ गाउँपालिकाको संक्षिप्त परिचय | १० |
| २.२ गाउँ कार्यपालिकाको मानव संशाधनको अवस्था | ११ |
| २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था | १२ |
| परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता | १३ |
| ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | १३ |
| ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था | १७ |
| ३.३ आन्तरिक राजस्व संकलनको आय परिचालनको वर्तमान अवस्था | २३ |
| ३.३.१ स्थानीय कर तथा गैर कर राजस्व | २३ |
| परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था | २५ |
| ४.१ राजस्व परिचालन सम्बन्धी नीति | २५ |
| ४.२ आय संकलनको संस्थागत क्षमता | २५ |
| ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन | २५ |
| परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना | २८ |
| ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना | २८ |
| ५.१.१ रणनीतिहरू | २८ |
| ५.१.२ कार्यनीतिहरू | २९ |
| परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण | ३३ |
| ६.१ गाउँपालिकाको आगामी तीन वर्षको राजस्व प्रक्षेपण | ३३ |
| परिच्छेद सात : अपेक्षित नतिजा | ३५ |

परिच्छेद आठ : अनुगमन तथा मूल्यांकन ३६
परिच्छेद नौ : निष्कर्ष तथा सुझावहरू ३७
९.२ सुझावहरू ३८

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहका कार्य जिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधान प्रदत्त कार्यजिम्मेवारी पुरा गर्न आवशयक पर्ने स्रोत साधनको परिपूर्तिका लागि संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्रदान गर्न सक्ने व्यवस्था गरेको छ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँट गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँट गरिने हुँदा संघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैरकरहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रूपमा प्रदान गरिएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानुन बमोजिम राजस्व बाँडफाँट वापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ । स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरूको सामर्थ्य बृद्धि गर्नका लागि पनि ती निकायहरूको आन्तरिक राजस्व परिचालन क्षमता बृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भानाहरूको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अबलम्बन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ । यसैले आन्तरिक आय परिचलानमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएको क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदशर्न गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिन्छ । स्थानीय तहलाई आआफ्नो राजस्व सुधार कार्ययोजना तर्जुमा गरी आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाइ बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित गर्न सहयोग मिल्दछ । स्थानीय सरकारसँग जनताका आकांक्षा र चाहनाहरूमा उल्लेख्य बृद्धि भएकोले गाउँपालिकाले आ-आफ्नो जिम्मेवारी पुरा गर्न र जनचाहना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक छ । यस्तै स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरूको सामर्थ्य बृद्धि गर्नका लागि स्थानीय तहहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा बृद्धि गर्नु अपरिहार्य भएकाले प्रदेश प्रशिक्षण प्रतिष्ठान, कास्कीको प्राविधिक सहयोगमा मनाङस्थित नार्सों गाउँपालिकाको सहकार्यमा राजस्व परिचालन क्षमतामा सहयोग पुऱ्याउन राजस्व सुधार कार्ययोजना तयार गरिएको हो ।

यस राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) मा गाउँपालिकाको वर्तमान वित्तीय अवस्था, राजस्व क्षमता र राजस्व परिचालनका लागि लिनु पर्ने रणनीति र कार्यनीतिहरू समावेश गरिएको छ । राजस्व सुधार कार्ययोजनाले पहिचान गरेका समस्याहरूको समयमा नै समाधान गर्न सके सम्भावित वित्तीय प्रक्षेपणलाई पूर्ण क्षमतामा उपयोग

गर्ने सकिने छ । राजस्व सुधार कार्ययोजनाले राजस्व परिचालनमा सुधार ल्याउनको लागि योजनाबद्ध रूपमा कार्य सञ्चालन गर्नु हो । स्थानीय तहको राजस्व प्रक्षेपण गरी सोको आधारमा बजेट तयार गर्ने तथा राजस्व परामर्श समितिको सिफारिशमा राजस्वका दररेट निर्धारण गर्ने कार्यमा राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । स्थानीय तहले प्रत्येक वर्षको पौष मसान्तभित्र आगामी आर्थिक वर्षको लागि आफ्नो स्रोतबाट संकलन हुनसक्ने अनुमानित राजस्व सहित आयव्यय प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण संघीय अर्थ मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको छ । यस्तै यस ऐनले प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने र आगामी तनि आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी खर्चको प्रक्षेपण गर्दा आन्तरिक आयको समेत प्रक्षेपण गर्नुपर्ने र यस्तो आय प्रक्षेपण गर्दा तीन वर्षको लागि गर्नुपर्ने हुन्छ । यस कानुनी र व्यावहारिक पक्षलाई विचार गर्दा स्थानीय तहले राजस्व परिचालनका सबै पक्षहरूमा अध्ययन गरी राजस्व सुधार कार्ययोजनालाई समेत वार्षिक रूपमा परिमार्जन गर्दै लैजानु उपयुक्त हुन्छ । स्थानीय तहमा राजस्व परामर्श समितिमा जनप्रतिनिधि र कर्मचारी गरी ५ देखि ७ जनाको एक कार्यदल गठन गरिएको हुन्छ । जसको नेतृत्व उपप्रमुख वा उपाध्यक्षले गर्दछन् । राजस्व परामर्श समितिको सिफारिशका आधारमा स्रोत अनुमान तथा बजेट सीमा निर्धाण समितिले आन्तरिक स्रोतको अनुमान गर्नुपर्ने भएको हुदा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा पौष मसान्तभित्रै सम्पन्न गर्नु उपयुक्त हुन्छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको संविधान (भाग १९) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरूप स्थानीय तहहरूले राजस्व अधिकारको प्रयोग गरी कर तथा गैरकर संकलनका आधारभूत मान्यता अनुरूप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन् । स्थानीय सरकारलाई वित्तीय रूपमा सबल बनाउने, स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने, स्थानीय तहमा सार्वजनिक सेवाहरू उपलब्ध गराउने, स्थानीय तहका विकास निर्माण कार्य संचालन गर्ने तथा स्थानीय तहमा सुशासनको प्रत्याभूति गराउने पनि हो । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लगाउँदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, सरल, पारदर्शी र मितव्ययी हुने गरी कर लगाउन, साथै नागरिकलाई सुविधा हुने गरी असुल गर्न, स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र कर लगाउँदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्ययोजनाको निर्माण अपरिहार्य भएकाले यस कार्ययोजना निर्माण गर्न लागिएको हो ।

### १.३ राजश्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू

यस कार्यक्रमको मुख्य उद्देश्य गाउँपालिकाको प्रभावकारी राजस्व संकलन तथा परिचालनका सुझावहरूसहितको त्रि-वर्षिय राजस्व सुधार कार्ययोजना/प्रतिवेदन तयार गर्नु रहेको छ । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्यहरू निर्धारण गरिएका छन् :

३.१ गाउँपालिकाको आन्तरिक आय तथा राजस्व सम्बन्धी संवैधानिक तथा कानुनी प्रावधानहरूको समीक्षा गर्ने ।

३.२ गाउँपालिकाको आन्तरिक आय तथा राजस्वको वर्तमान अवस्था र श्रोतहरूको विश्लेषण एवं लेखाजोखा गर्ने र बृद्धिका सम्भावनाहरू पहिचान गर्ने ।

३.४ गाउँपालिकाको वैज्ञानिक ढंगले आगामी ३ वर्षको शीर्षकगत राजस्व अनुमान तथा प्रक्षेपण गर्ने

३.५ गाउँपालिकाको आन्तरिक राजस्व सुधार रणनीति तथा प्रभावकारी राजस्व प्रशासनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

### १.४ राजश्व सुधार कार्ययोजना तर्जुमाका विधि तथा प्रक्रियाहरू

यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यका लागि यससँग विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सुचना संकलनका लागि आवश्यक फारामहरूको विकास, समावेशी र सहभागितामूलक छलफल, परिचयात्मक बैठक तथा अभिमुखीकरण कार्यक्रम, कार्यशाला गोष्ठीको आयोजना, तथ्याङ्क सङ्कलन तथा विश्लेषण जस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको संक्षिप्त व्याख्या तल गरिएको छ ।

#### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विज्ञ समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरूको संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू देहायअनुसार रहेका छन् :

तालिका : सन्दर्भ सामग्रीहरू र अध्ययनको विषय क्षेत्र

| सन्दर्भ सामग्रीहरू | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान, २०७२ | ▪ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९ : धारा २२८ देखि २३० सम्म)<br>▪ स्थानीय आर्थिक प्रणाली (भाग १९ : भाग २२८ देखि २३० सम्म)<br>▪ संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखि ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | ▪ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद ३)<br>▪ गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र (परिच्छेद ९)<br>▪ गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन | ▪ राजस्वको अधिकार (परिच्छेद २)<br>▪ राजस्वको बाँडफाँड (परिच्छेद ३) |

| सन्दर्भ सामग्रीहरू | अध्ययनको विषय क्षेत्र |
|---|---|
| ऐन, २०७४ | ▪ अनुदानको व्यवस्था (परिच्छेद ४)<br>▪ वैदेशिक सहायता तथा ऋण (परिच्छेद ५)<br>▪ आयव्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>▪ राजस्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>▪ वित्तीय अनुशासन (परिच्छेद ८)<br>▪ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १, २ र ३)<br>▪ प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) |
| राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | ▪ प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) |
| केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन | ▪ स्थानीय सरकार सञ्चालन एनेमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भए गरिएका संशोधनहरू |
| नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ बजेट वक्तव्य र आर्थिक ऐन, २०७८ | ▪ स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधिन प्रावधानहरू |
| प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ वार्षिक बजेट वक्तव्य र आर्थिक ऐन, २०७८ | ▪ स्थानीय तह र प्रदेश सरकार बीच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेको व्यवस्थाहरू |
| एकीकृत आर्थिक संकेत तथा, वर्गीकरण र व्याख्या, २०७४ | ▪ स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एकरूपताका लागि |
| कर तथा गैरकर राजस्व ऐन, २०७५ | ▪ कर तथा गैरकर सम्बन्धी व्यवस्थाको लागि |
| प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ | ▪ प्रदेश तथा स्थानीय कर बारे जानकारीको लागि |
| नासोँ गाउँपालिकाको वस्तुगत विवरण (प्रोफाइल) | ▪ स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको आधार बारेको सूचना र तथ्यांकका लागि |
| नासोँ गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम | ▪ स्थानीय राजस्व र आयको प्रवृत्ति विश्लेषणको लागि |
| नासोँ गाउँपालिकाको आर्थिक ऐन, २०७८ | ▪ गाउँपालिकाले तोकेको दर र दायरा सम्बन्धी व्यवस्थाको लागि |
| नासोँ गाउँपालिकाको राजस्व परामर्श समितिको निर्णयहरू | ▪ कर सम्बन्धी निर्णयको लागि |
| नासोँ गाउँपालिकाको महालेखा परीक्षकको आर्थिक वर्ष ०७४/०७५, ०७५/०७६, ०७६/०७७ को वार्षिक | ▪ कर सङ्कलनको अवस्था र अन्य आवश्यक तथ्याङ्कको लागि |

| सन्दर्भ सामग्रीहरू | अध्ययनको विषय क्षेत्र |
|---|---|
| प्रतिवेदन | |
| नासौं गाउँपालिकाको अन्य सान्दर्भिक कार्ययोजनाहरू | ▪ गाउँपालिकाको योजनामा आन्तरिक राजस्वको स्रोत र सम्भावनाको लागि |
| संघ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | ▪ स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानुनी र नीतिगत व्यवस्था |

### १.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा रूजुसूची विकास

आवश्यक सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरूको टोलीबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । सूचना संकलन फारामलाई अन्तिम रूप दिन यस कार्यमा संलग्न विज्ञहरू बीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना संकलनका लागि तयार गरिएको फारामहरू निम्नानुसार रहेका छन ।

(क) गाउँपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरू सँगको परामर्शका लागि तयार गरिएको सूचना संकलन फारम अनुसूची १ मा रहेको छ । यस सूचीमा मुख्यतः गाउँपालिकाको संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक बर्षको राजस्व परिचालनको स्थितिबारे जानकारी लिने उद्देश्यले यो फारामको प्रयोग गरिएको थियो ।

(ख) राजस्वका शीर्षकगत समुह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारम अनुसूची २ मा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भए अनुसारका कर र गैरकरहरूको शीर्षकगत रूपमा वर्तमान समस्याहरू, सम्भावना, समाधानका लागि गर्नु पर्ने उपायहरू र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधिका बारेमा समुहगत रूपमा छलफल गर्नका लागि यो फाराम प्रयोगमा ल्याइएको थियो । आवश्यक आधारभूत र संस्थागत सूचना संकलनका लागि तयार गरिएका फारामहरू सम्बन्धित स्थानीय तहहरूलाई इमेल एवम् व्यक्तिगत तवरबाट उपलब्ध गराइएको थियो ।

### १.४.३ तथ्याङ्क/सूचना संकलन

परामर्शदाता संस्थाद्धारा गाउँपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यालयका लेखा र राजस्व शाखाका कर्मचारीहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो । गाउँ सभाको निर्णय पुस्तिकाबाट समेत आवश्यक सूचनाहरू लिइएको थियो । यस क्रममा निम्न तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो ।

- नासौं गाउँपालिकाबारे संक्षिप्त जानकारी,

- वर्तमान राजस्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि),
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू,
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- आन्तरिक आय संकलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना (सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरूसँग छलफल),
- गाउँपालिकाको आ.व. २०७८/०७९ को योजना, नीति, बजेट तथा कार्यक्रम

### १.४.४ कार्यशालाका सहभागिहरू

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि सञ्चालन गरिएको कार्यशालाहरूमा सम्बन्धित गाउँ कार्यपालिकाका प्रमुख, वडा अध्यक्षहरू, सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, राजस्व तथा लेखा शाखाका कर्मचारीहरू, विषयगत शाखा प्रमुखहरू (कृषि, पशु, स्वास्थ्य, शिक्षा), वडा सचिवहरू आदिको सहभागिता थियो ।

### १.४.५ कार्यशालाहरूको आयोजना

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा गाउँपालिकाको कार्यालयमा निम्न दुईवटा कार्यशाला गोष्ठीहरूको आयोजना गरिएको थियो । ती कार्यशालाहरूको संक्षिप्त विवरण तल उल्लेख गरिएको छ ।

#### (क) पहिलो छलफल

मिति २०७८/११/२१ मा नासौँ गाउँपालिकाको वडा नम्बर १ को कार्यालय तालमा कार्यवाहक वडा अध्यक्ष, वडा सदस्यहरू, वडा सचिव, प्राविधिकसहितको उपस्थितिमा एक दिने छलफल आयोजना गरिएको थियो । यसैगरी वडा नम्बर ७ को कार्यालयमा कार्यवहाक वडा अध्यक्ष, वडा सदस्यहरू, वडा सचिव र अन्य व्यक्ति सहभागि भई एक दिने छलफल आयोजना गरिएको थियो ।

#### (ख) दोश्रो कार्यशाला

नासौँ गाउँपालिकाका अध्यक्षको कार्यकक्षमा २०७८ चैत्र ११ गते दोश्रो कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । यस कार्यक्रमको मुख्य उद्देश्य जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई राजस्व परिचालनका सैद्धान्तिक पक्ष र स्थानीय तहहरूको भूमिका विषयमा जानकारी गराउने रहेको थियो । अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घलेको अध्यक्षतामा भएको थियो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव भेटवालले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रमको उद्देश्य माथि सहजकर्ता श्री महेन्द्र प्रसाद लामिछाने र भगवान खनालले प्रकाश पार्नु भएको थियो । यस अभिमुखीकरण कार्यक्रममा कार्यपालिकाका पदाधिकारीहरू, वडा सचिवहरू र गाउँपालिकाका कर्मचारीहरूको सहभागिता रहेको थियो । विज्ञ टोलीद्धारा सहजीकरण गरिएको यस कार्यशालामा कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजस्व सम्बन्धी सैद्धान्तिक पक्षहरू, स्थानीय तहको राजस्व अधिकार तथा परिचालन

सम्बन्धी व्यवस्था र प्रभावकारी राजस्व प्रशासन र त्यसका पक्षहरूका बारेमा प्रस्तुतिकरण र छलफल गरिएको थियो ।

यसैगरी सोही दिन आयोजित दोश्रो पटकको कार्यशालामा राजस्व सुधार कार्ययोजनाको तयारी सम्बन्धी प्राविधिक पक्षलाई समेटिएको थियो । यस सन्दर्भमा राजस्व परिचालनमा देखिएका समस्याहरू, सम्भावनाहरू, जिम्मेवारीहरू र कार्यान्वयन गर्ने समयावधि, सुधारका लागि गर्नुपर्ने कार्यहरूका बारेमा शीर्षकगत रूपमा छलफल गरिएको थियो । सहभागीहरूलाई निम्न चार समुहमा विभाजन गरि समुहगत रूपमा राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गर्न लगाई पूर्णसत्रमा सोको प्रस्तुति गरिएको थियो । पूर्णसत्रबाट प्राप्त सुझावहरूलाई राजस्व सुधार कार्ययोजनामा समावेश गरिएको छ । समुह छलफलका लागि बनाइएका समुहहरू यस प्रकार रहेका छन ।

समूह १ : सम्पत्ती कर तथा व्यवसाय कर दर, दायरा र प्रक्षेपण सम्बन्धी छलफल
समूह २ : घरजग्गा रजिष्ट्रेशन, घर बहाल कर तथा बहाल बिटौरी कर सम्बन्धी छलफल
समूह ३ : प्राकृतिक श्रोत बिक्री तथा निकासी कर योजना सम्बन्धी छलफल
समूह ४ : पूर्वाधार उपयोग महशुल सम्बन्धी छलफल

राजस्व शाखाको संस्थागत विकासका सन्दर्भमा गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र राजस्व हेर्ने जिम्मेवारी पाएका सम्बन्धित कर्मचारीसँग छलफल गरी वर्तमान अवस्थाको विश्लेषण गरी सुधारका लागि गर्नुपर्ने कार्यहरू समेत पहिचान गरिएको थियो । समुहगत अभ्यासलाई पूर्णसत्रमा प्रस्तुत भई सुझाव प्राप्त भएको थियो ।

यस अध्ययनका लागि आवश्यक थप सूचना संकलन तथा तथ्याङ्कहरूका बारेमा पनि छलफल गरिएको थियो । कार्यशालामा प्रस्तुत गरिएका प्रमुख विषयवस्तुहरू निम्नबमोजिमका रहेका थिए :

- राजस्व सुधार कार्ययोजना प्रतिवेदनमा समावेश भएका मुख्य अंशहरूको बारेमा जानकारी ।
- आन्तरिक स्रोत तर्फको राजस्व संकलन : विगत तथा वर्तमान अवस्था
- राजस्व प्रशासनको वर्तमान अवस्था ।
- आन्तरिक स्रोत तर्फका राजस्वका प्रमुख स्रोतहरू : हालको अवस्था तथा सम्भावना
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा ।
- राजस्व सुधार कार्ययोजनाको आधारमा राजस्व प्रक्षेपण ।

### १.४.६ प्रतिवेदन तयारी

विभिन्न स्रोतहरू र कार्यशालाहरूबाट प्राप्त सुचना तथा सुझावहरूको आधारमा यो प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदनमा गाउँपालिकाको राजस्व कार्ययोजना, तीन आर्थिक वर्षहरूका लागि गाउँपालिका लागि आय प्रक्षेपण समावेश गरिएको छ । यो प्रतिवेदन तयार गर्दा निम्न प्रक्रियाहरू अवलम्बन गरिएको छ ।

**(क) मस्यौदा प्रतिवेदन तयारी**

सर्वप्रथम अध्ययनका क्रममा विभिन्न स्रोतहरूको पुनरावलोकन, गाउँपालिकाबाट प्राप्त अभिलेखहरूको अध्ययन र गाउँपालिकामा आयोजना गरिएको कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरिएको थियो ।

**(ख) मस्यौदा प्रतिवेदनबारे सुझाव संकलन**

यसरी तयार गरिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनलाई सम्बन्धित पक्षहरू गाउँकार्यपालिकाको कार्यालय, प्रदेश प्रशिक्षण प्रतिष्ठान समक्ष पेश गरी आवश्यक सुझावहरू तथा पृष्ठपोषण संकलन गरिएको थियो । सरोकारवाला पक्षहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी मस्यौदा राजस्व सुधार कार्ययोजनामा समावेश गर्ने कार्य गरिएको थियो ।

**(ग) अन्तिम प्रतिवेदन तयारी**

प्रारम्भिक प्रतिवेदन माथि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त सुझाव र पृष्ठपोषण समेतलाई समावेश गरी तयार गरिएको मस्यौदा प्रतिवेदन गाउँपालिकामा आयोजना गरिएको तेश्रो तथा अन्तिम कार्यशालामा पेश गरी त्यहाँबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## १.५ योजनाका सीमाहरू

नासोँ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

- गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र सरोकारवाला पक्षहरूसँग गरिएको छलफल र कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।
- वि.स. २०७८ असारमा आएको बाढीले गाउँपालिकाको भवन बगाएको र कतिपय आवश्यक तथ्याङ्कहरू समेत नष्ट भएकाले कतिपय आवश्यक तथ्यांकहरू प्राप्त हुन सकेको छैन ।

# परिच्छेद दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

नासोँ गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम नेपाल सरकारबाट २०७३ साल फाल्गुण २७ गते गठित स्थानीय तहहरू मध्येको एक हो । यो गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लाको तल्लो भेगमा अवस्थित छ । साविकका धारापानी, ताचैबगरछाप र थोँचे गाविसहरू मिलेर बनेको यस गाउँपालिका ७०९.५८ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ । यहाँको जनसंख्या वि.सं. २०७८ को जनगणना अनुसार १६७१ (महिला ८४०, पुरूष ८३१) पुगेको छ । यस गाउँपालिकाको पूर्वमा गोरखा जिल्ला, पश्चिममा चामे गाउँपालिका र लमजुङ जिल्ला, उत्तरमा नार्पाभूमी गाउँपालिका र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा लमजुङ जिल्ला पर्दछन् । यस गाउँपालिकामा ९ वटा वडाहरू छन भने केन्द्र वडा नम्बर ३ धारापानीमा पर्दछ । नासोँ गाउँपालिका नेपालको संघीय संरचना अन्तर्गत प्रतिनिधिसभाको एउटा मात्र निर्वाचन क्षेत्र रहेको मनाङ जिल्ला अन्तर्गतको प्रदेश सभा “क” निर्वाचन क्षेत्र भित्र पर्दछ ।

यस क्षेत्र पर्यटकीय पदयात्राका दृष्टिकोणले महत्वपुर्ण रहेको छ । बर्सेनि हजारौँको संख्यामा स्वदेशी र विदेशी पर्यटकहरू मनाङ जिल्ला प्रवेश गर्ने द्वारको रूपमा यस गाउँपालिकालाई लिन सकिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्रा, लार्केपास मनासलु पदयात्रा तथा माथिल्लो मनाङ पदयात्राका लागि यस गाउँपालिका क्षेत्र भएर यात्रा गर्नुपर्दछ । यस गाउँपालिका भित्र पर्यटकको सेवालाई मध्यनजर राख्दै विभिन्न सुविधा सम्पन्न होटल, लज तथा गेष्टहाउसहरू सञ्चालनमा छन् । ग्रामीण भेग भएका कारण शहरी सुविधा भन्दा पनि गाउँले परिवेशमा रमाउने तथा पदयात्राको मज्जा लिन चाहने प्रकृतिप्रेमीका लागि मनाङ अनुपम गन्तव्य हो । यस गाउँपालिकामा विशेष गरी बौद्ध र हिन्दु धर्म मान्ने धर्मावलम्बीको हिस्सा उच्च छ । गुरूङ जातीको बाहुल्यता भएपनि पुनेल, दलितमा विश्वकर्मा जातीहरू पनि रहेको यस गाउँपालिकाका अधिकांश जनताले गुरूङ भाषा बोल्ने गर्दछन् । बेशीसहर-चामे सडक खण्डमा पर्ने यस गाउँपालिकामा सडक यातायातले छोएपनि कच्ची साँघुरो र अत्यन्तै अप्ठ्यारो ग्रामीण सडक भएका कारण यात्रा गर्न सजिलो छैन । सञ्चारको हिसाबले नेपाल टेलिकमको जिएसएम र सीडीएमए मोबाइल फोन सेवाको सुविधा पुगेको अवस्था छ भने निजी कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याएका छन् । एकाध ठाउँमा बाहेक अधिकांश जनताले विद्युतको सुविधा उपभोग गरिरहेका पाउन सकिन्छ । खानेपानी तथा सरसफाइको अवस्थालाई हेर्दा कुल जनसंख्याको करिब आधा हिस्साले यो सुविधा उपभोग गरिराखेको अवस्था छ । स्वास्थ्य तथा शिक्षा क्षेत्रमा भने आशातित रूपमा विकास हुन सकेको छैन । कृषियोग्य जमिनको उपलब्धता अत्यन्तै कम रहेको कारण कृषि उपज उत्पादन ज्यादै न्युन भएतापनि पशुपालन व्यवसायलाई भने यहाँका कृषकहरूले केही महत्व दिएको पाउन सकिन्छ । पदमार्ग क्षेत्रमा बसोबास गर्ने बासीन्दाको मुख्य आम्दानीको श्रोत होटल व्यवसाय नै हो भने पदमार्गमा नपर्ने गाउँलेहरू निर्वाहमुखी कृषि र पशुपालन गरी जीवनयापन गर्न बाध्य छन् ।

**तालिका २ : गाउँपालिकाको संक्षिप्त जानकारी**

| | |
|---|---|
| **समावेश भएका साविक गा.वि.सहरू** | धारापानी, ताचैवगरछाप र थोँच |
| **जनसंख्या** | १६७१ (महिला ८४०, पुरूष ८३१)<br>*स्रोत : ०७८को जनगणनाको प्रारम्भिक प्रतिवेदन* |
| **क्षेत्रफल** | ७०९.५८ वर्ग कि.मि |
| **घरधुरी संख्या** | ४४१, परिवार संख्या ४७१,<br>*स्रोत : ०७८को जनगणनाको प्रारम्भिक प्रतिवेदन* |
| **केन्द्र** | धारापानी |
| **वडा संख्या** | ९ |
| **सिमाना** | |
| **पूर्व** | गोरखा जिल्ला |
| **पश्चिम** | चामे गाउँपालिका र लमजुङ जिल्ला |
| **उत्तर** | नार्पाभूमी गाउँपालिका र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा लमजुङ जिल्ला |
| **दक्षिण** | लमजुङ जिल्ला |

*स्रोतः नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८*

यस गाउँपालिकाको साक्षरता दर ८१ प्रतिशत (पुरूष ६७ % र महिला ६५%) छ । यहाँ १३ वटा बाल विकास केन्द्र, ९ वटा आधारभूत विद्यालयहरू र २ वटा माध्यमिक विद्यालयहरू छन् । यस गाउँपालिकामा ३ वटा स्वास्थ्य चौकीहरू र १ वटा आयुर्बेद औषधालय छन् । खानेपानीको अवस्था, गाउँपालिकाको सबै वडामा कच्ची सडक (ट्रयाक मात्र) संजाल पुगेकोको छ । यस्तै १३ वटा सामुदायिक भवनहरु, सामुदायिक ४ वटा र अन्नपूर्ण संरक्षण क्षेत्रबाट संरक्षित ५ वटा गरि जम्मा ९ वटा सामुदायिक वन रहेका छन । आमा समूह १२ वटा छन् । यस्तै धार्मिक प्रकृतिका संघसंस्थाहरुमा ७ वटा मन्दिर, ६ वटा गुम्वा र १ वटा चर्च रहेका छन् । आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि खाने बस्ने सुविधा सहितको होटल ९० वटा र ८ वटा रेष्टुरेन्टहरू छन् भने ८ वटा किराना पसलहरु छन् । नासोँ गाउँपालिकामा २ वटा बैंक, १ वटा माइक्रोफाइनान्स र ३ वटा सहकारी संस्था गरि जम्मा ६ वटा वित्तिय संस्थाहरु रहेका छन् । यहाँको मुख्य पेशा कृषि (खेती तथा पशुपालन), होटल व्यवसाय, पर्यटन व्यवसाय र व्यापार हुन् ।

## २.२ गाउँ कार्यपालिकाको मानव संशाधनको अवस्था

नासोँ गाउँपालिकाले साविककै संगठन संरचना अनुरूप कार्य सञ्चालन गर्दै आएको छ । तर संघीय सरकारबाट विषयगत शाखामा खटाइएका कर्मचारीहरूलाई पनि विषयगत शाखा गठन गरी सञ्चालन गरिरहेको छ । हाल कायम संगठन संरचना यसप्रकार रहेको छ ।

नासोँ गाउँपालिकामा देहाय अनुसारको कर्मचारी दरबन्दी रहेको छ ।

तालिका ३: गाउँपालिकाको कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था

| क.स. | पद | तह/श्रेणी | समूह | संख्या |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतीय | प्रशासन | १ |
| २ | सिभिल इञ्जिनियर | अधिकृत छैठौं | प्राविधिक | १ |
| ३ | अधिकृत | छैठौ | प्रशासन | २ |
| ४ | अधिकृत | छैठौं | प्राविधिक | |
| ५ | सहायक स्तर | पाँचौं | प्रशासन/प्राविधिक | |
| ६ | सहायक स्तर | चौथो | प्रशासन/प्राविधिक | |
| ७ | सहायक स्तर | तृतीय | प्रशासन/प्राविधिक | |
| ८ | सहायक स्तर | प्रथम | प्रशासन/प्राविधिक | |
| **जम्मा** | | | | |

*स्रोत: नासोँ गाउँ कार्यपालिकाको कार्यालय, २०७८*

## २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस गाउँपालिकाको आफ्नै भवन छैन । भाडाको भवनमा कार्यालय प्रयोजनका लागि आवश्यक सामग्रीहरू रहेका छन् । यस्तै २ वटा सवारी साधन र एक एम्बुलेन्स समेत छ ।

# परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा नासोँ गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता सम्बन्धी विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोन), दण्ड जरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र राखेको छ । साथै संविधानको अनुसूची ९ मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क लगाउने अधिकार तीनै तहको साझा अधिकारको रूपमा राखिएको छ । त्यसैगरी अनुसूची ६ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना प्रदेश सरकारको अधिकार क्षेत्रको रूपमा राखेको छ । साथै अनुसूची ५ ले संघीय सरकारलाई भन्सार, अन्तशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैरकरहरू लगाउने अधिकार दिएको छ । कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत छ ।

यस्तै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरूप अनुसूची ६ र ८ मा दोहोरो पर्न गएका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानुन बमोजिम हाललाई नेपाल सरकाले तोकेको निकाय मार्फत् उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दर बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गर्ने, मनोरञ्जन कर प्रदेश कानुन बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानुन बमाजिम स्थानीय तहले उठाई ६० प्रतिशत रकम आफूले राखी ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउने पर्ने हुन्छ ।
साथै सोही ऐनले मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ भने पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था छ ।

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरूले सम्पत्ति कर (घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर

अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना संकलन गर्न सक्नेछन । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरूको एकल तथा साझा अधिकार सम्बन्धी विवरण ***तालिका ७*** मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : तीन तहको सरकारको राजस्व अधिकार**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• दण्ड जरिवाना<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोत : नेपालको संविधान, २०७२*

**कानुनी व्यवस्था**

स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म व्यवस्था गरेको छ । स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न निम्नानुसारको थप व्यवस्था कानुनले गरेको छ ।

(क) एकल कर प्रशासन

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को, (१) दफा ५ को सट्टा नेपाल सरकारको आर्थिक ऐन, २०७५ ले एक कर प्रशासन सम्बन्धमा देहाय बमोजिम संशोधन गरेको छ :

(१) यस ऐन तथा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका देहायको कर देहाय बमोजिम लगाइने र उठाइने छ :

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने, तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

(ख) घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने,

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने,

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकम मध्ये साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(ख) स्थानीय तह र प्रदेश बीच राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था

आर्थिक ऐन २०७८ ले प्रदेश र स्थानीय तह वीचमा राजस्व बाँडफाँट सम्बन्धी निम्नानुसारको व्यवस्था गरेको छ ।

**तालिका ५: स्थानीय र प्रदेश तह बीचको राजस्व बाँडफाँट**

| करका क्षेत्रहरू | संकलन गर्ने तह | राजस्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|
| | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय | ४० | ६० |

*स्रोत: आर्थिक ऐन, २०७८*

(ग) सम्पत्ती कर सम्बन्धी व्यवस्था

आर्थिक ऐन २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा भएको सम्पत्ति करको व्यवस्थामा संशोधन गरी देहाय अनुसारको व्यवस्था गरिएको छ ।

१. दफा ५५ सम्पत्ति कर (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने छ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनका लागि चर्चेको जग्गा भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छहत्तर वर्ग फीट जग्गा मध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्दछ । (२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउने भनि तोकेको घरजग्गा बाहेकका अन्य जग्गा भएमा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ । (३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनुपर्नेछ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलिन बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(२) दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छ :

५६. भूमिकर (मालपोत): गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ ।

(घ) प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

तालिका ६: प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)

| **श्रोतहरू** | **संघ** | **प्रदेश** | **स्थानीय तह** |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४*

(ङ) कर राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकम मध्येबाट संघीय सरकारले सत्तरी प्रतिशत, प्रदेशले पन्ध्र प्रतिशत र स्थानीय सरकारले पन्ध्र प्रतिशत बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

**तालिका ७ : कर राजस्वको बाँडफाँट**

| **श्रोतहरू** | **संघ** | **प्रदेश** | **स्थानीय तह** |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरूका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरू, राजस्वको बाँडफाँट गर्दा लिईने आधारहरू र प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार र मापदण्डहरू तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा

अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरूलाई सुझाव दिने संवैधानिक व्यवस्था रहेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

सामान्यत यस गाउँपालिकाले आन्तरिक राजस्व परिचालनसँग सम्बन्धित अधिकारहरू प्रयोग गर्दै आइरहेको छ साथै राजस्व परिचालनका सम्बन्धमा हालसम्म निम्न बमोजिम प्रयासहरू गरेको छ।

राजस्व परामर्श समितिको गठन र क्रियाशिलता

गाउँकार्यपालिकाले २०७४ असारमा देहाय बमोजिमको ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ :

**तालिका ८ : राजस्व परामर्श समिति**

| क.सं. | पद | जिम्मेवारी |
|---|---|---|
| १ | उपाध्यक्ष, गाउँपालिका | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | कार्यपालिका सदस्यहरू मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य | सदस्य |
| ४ | कार्यपालिका सदस्यहरू मध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |
| ५ | उधोगी व्यवसायी | सदस्य |
| ६ | उधोग व्यपार संघ | सदस्य |
| ७ | गाउँपालिकाको राजस्व शाखा प्रमुख | सदस्य सचिव |

*स्रोत: नार्सों गाउँकार्यपालिकाको कार्यालय, २०७८*

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत सुझावहरू गरी गाउँकार्यसमिति समक्ष पेश गरेको छ।

गाउँसभाले गरेका राजस्वसम्बन्धी नीतिगत निर्णयहरू

राजस्व परामर्श समितिले गरेका राजस्वका दररेट तथा अन्य नीतिगत निर्णयहरूलाई अनुमोदन गर्दै राजस्व संकलन तथा सोका दररेटहरू आ.व २०७८/०७९ को श्रावण १ गते देखि लागू गर्ने निर्णय गाउँसभाले गरेको छ। गाउँपालिकाको आ.व २०७८/०७९ को आर्थिक ऐन तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका ९ : नार्सों गाउँपालिकाको आ.व २०७८/०७९ को आर्थिक ऐन**

| १. मालपोत दर जग्गाको प्रकार | अब्बल | दोयम | सीम | चहार | खोरिया पाखा( पाचौं) |
|---|---|---|---|---|---|
| ५ रोपनीसम्मको | ९० | ७० | ५० | ३० | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| लागि | | | | | |
| ५ रोपनी भन्दा बढी प्रत्येक १ रोपनीको लागि | ३० | २५ | २० | १५ | १० |

**२.घर जग्गा बहाल करको दर**

भाडामा दिएको सम्पत्ति तथा अन्य बहाल करको लागि १० प्रतिशत कर लगाउने । साथै वैदेशिक प्रयोजनका लागि सम्पत्ति तथा अन्य बहाल कर निर्धारण प्रमाणित गर्दा कुल मूल्यांकनको १ प्रतिशत कर लिने ।

**३. व्यवसाय दर्ता कर तथा नवीकरण दस्तुर तथा अन्य दस्तुरको दर**

| क.श | व्यवसायको प्रकार | कारोबारको अवस्था | आव २०७६/०७७ करको दर (वार्षिक) रूपैयाँ | आव २०७७/०७८ का लागि प्रस्तावित करको दर्ता कर (वार्षिक) रूपैयाँ | आव २०७८/०७९ का लागि प्रस्तावित करको दर्ता कर (वार्षिक) रूपैयाँ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक ३ लाखसम्मको कारोबार हुने | २००० | २००० | १५०० | |
| | | बार्षिक ३ लाखदेखि ५ लाखसम्मको कारोबार हुने | ३००० | ३००० | २००० | |
| | | वार्षिक ५ लाखदेखि १० लाख सम्म कारोबार हुने | ५००० | ५००० | २५०० | |
| | | वार्षिक ५ लाखदेखि १० लाखसम्म कारोबार हुने | ५००० | ५००० | २५०० | |
| | | वार्षिक १० लाख भन्दा बढी कारोबार हुने | ५००० | ५००० | २५०० | |
| | | वार्षिक १० लाख भन्दा बढी करोबार हुने | ७००० | ७००० | ३००० | |
| २ | हार्डवेयर तथा सेनेटरी | बार्षिक ५ लाखसम्मको | २५०० | २५०० | २००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कारावोर हुने | | | | |
| | | वार्षिक ५ लाख भन्दा बढी हुने कारोबार हुने | ४००० | ३५०० | ३००० | |
| ३ | होमस्टे व्यवसाय | वार्षिक एकमुष्ट | २००० | ३००० | २००० | |
| ४ | कपडा तथा फेन्सी बिक्री बितरण | वार्षिक ३ लाखसम्मको कारोबार हुने | २५०० | २५०० | २००० | |
| | | वार्षिक ३ लाख भन्दा बढी कारोबार हुने | ५००० | ३००० | ३००० | |
| ५ | कस्मेटिक तथा ब्युटीपार्लर | बार्षिक २ लाखसम्मको कारोबार हुने | १५०० | २००० | १५०० | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | २५०० | २५०० | २००० | |
| ६ | मदिरा बिक्री बितरण | वार्षिक २ लाखसम्मको कारोबार हुन | २५०० | ५००० | ४००० | |
| | | बार्षिक २ लाख भन्दा बढी कारोबार हुने | ४००० | ७००० | ५००० | |
| ७ | प्लाष्टिक तथा भाडा पसल | वार्षिक २ लाखसम्मको कारोबार हुने | २००० | २००० | १५०० | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | २५०० | २५०० | २००० | |
| ८ | उपभोग्य सामग्री, किराना पसल | वार्षिक २ लाखसम्मको कारोबार हुने | १५०० | २००० | १५०० | |
| | | वार्षिक २ लाख भन्दा बढी करोबार हुने | २५०० | २५०० | २००० | |
| ९ | फ्रेस हाउस सञ्चालन | वार्षिक लाखसम्मको कारोबार हुने | १५०० | २००० | १५०० | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | २५०० | २५०० | २००० | |
| १० | सुनचाँदी, ज्वेलरी | वार्षिक १० | २५०० | २५०० | २००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लाखसम्मको कारावेर हुने | | | | |
| | | वार्षिक १० लाख भन्दा बढी कारोबार हुने | ४००० | ४००० | ३००० | |
| ११ | फर्निचर, उद्योग, बिक्री बितरण | वार्षिक ३ लाखसम्मको कारोबार हुने | २५०० | २५०० | २००० | |
| | | वार्षिक ३ लाख भन्दा बढी कारोबार हुने | ३५०० | ३५०० | २५०० | |
| १२ | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक कारोबार | वार्षिक २ लाखसम्मको कारोबार हुने | १५०० | २००० | १५०० | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | २५०० | २५०० | २००० | |
| १३ | मोटरवर्कसप | वार्षिक २ लाख सम्मको कारोबार हुने | १५०० | २००० | १५०० | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | २५०० | २००० | १००० | |
| १४ | सिलाइ तथा टेलरिङ व्यवसाय | वार्षिक एकमुष्ट | १५०० | १५०० | १००० | |
| १५ | व्यावसायिक कृषि तथा पशुपालन | वार्षिक २ लाखसम्को कारेबार हुने | १५०० | १५०० | १००० | |
| | | वार्षिक २ लाख भन्दा बढी | २५०० | २५०० | २००० | |
| १६ | निर्माण व्यवसाय (घ) वर्ष | सबै खालका | ० | १०००० | ८००० | |
| १७ | क्रसर उद्योग | सबै खालका | ० | २०००० | १५००० | |
| १८ | गिट्टी, बालुवा तथा माटोमा आधारित (ब्लक ईंट्टा विद्युतीय पोल र हुयम पाइप आदि) | सबै खालका | ० | २०००० | १५००० | |
| १९ | हेयर कटिङ एण्ड सैलुन | सबै खालका | ० | १००० | ५०० | |
| २० | माथिका दुई वा | इजाजत प्राप्त | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | सो भन्दा बढी मिश्रित कारोबार गर्ने | मुख्य कारबारको लागि माथि तोकिए बमोजिम हुने र थप प्रत्येक काराबोर लागि माथि तोकिएको न्युनतम दरको ५० प्रतिशतका दरले बढ्दै जाने | | | | |
| २१ | माथि उल्लेखित बाहेकका अन्य स्थानीय तहको अधिकार क्षेत्र भित्र दर्ता तथा नवीकरण सम्बन्धमा | • साना खालका<br>• मझौला खालका<br>• ठूला खालका | • २०००<br>• ४०००<br>• ८००० | | | |
| २२ | व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि | सबै खालका | ५०० | | | |
| २३ | व्यवसाय नविकरण (क्र.स १ देखि १९ सम्म) अन्य सबै खाले | | • ३००<br>• १००० | | | |

**४. जडिबुटी, कबाडी र जीवजन्तुको करको दर**

| क्र.स | मालसामान | प्रतिइकाई | दर रू | कैफियत |
|---|---|---|---|---|
| १ | यार्चागुम्बा | प्रतिकेजी | १००० | |
| २ | वनलसुन | प्रतिकेजी | २०० | |
| ३ | सतुवा | प्रतिकेजी | १०० | |
| ४ | गुच्छे च्याउ | प्रतिकेजी | २०० | |
| ५ | निरमसी | प्रतिकेजी | १०० | |
| ६ | धुपी | प्रतिकेजी | ५ | |
| ७ | सुगन्धवाल | प्रतिकेजी | ५ | |

**५ मनोरञ्जन करको दर**

| १ | मनोरञ्जन सम्बन्धी मध्यम | पटके दर | कैफियत |
|---|---|---|---|
| १ | पटके भिडियो देखाउनेका हकमा | | प्रदेश सरकारबाट स्वीकृत ताकेका दर अनुसार लिइने |
| २ | व्यावसायिक भिडियो | | |
| ३ | सांस्कृतिक कार्यक्रम | | |
| ४ | फिल्म सुटिङ ठूलो पर्दा | | |
| ५ | फिल्म सुटिङ सानो | | |

| | | |
|---|---|---|
| | पर्दा | |
| ६ | गीतको भिडियो सुटिङ | |
| **६. विभिन्न सेवामा लाग्ने शुल्क तथा दस्तुरको दर** | | |
| १ | नागरिकता सिफारिस | ४०० |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | ४०० |
| ३ | पेन्सन पट्टा नामसारी सिफारिस | ५०० |
| ४ | जग्गा नामसारी | ५०० |
| ५ | चार किल्ला प्रमाणित | ५०० |
| ६ | धितो मुल्यांकन, सम्पत्ति मूल्यांकन | कुल धितोको ०.२ प्रतिशत |
| ७ | आर्थिक सहायता, छात्रवृत्ति सिफारिस | निशुल्क |
| ८ | नाता प्रमाणित | ५०० |
| ९ | वडाबाट प्रदान गरिने अन्य सिफारिस नेपालीमा | ३०० |
| १० | अंग्रेजी सिफारिस, विदेश जाने प्रयोजको लागि सिफारिस | १००० |
| ११ | ३५ दिन पछिको पञ्जिकरण दर्ता | ५० |
| १२ | पञ्जिकरण प्रतिलिपि | ४०० |
| १३ | पञ्जिकरण विवरण सञ्चाउन सिफारिस | १००० |
| १४ | गाउँ कार्यपालिकाबाट दिइने सिफारिस | ५०० |
| १५ | गाउँ कार्यपालिकाबाट दिइने सिफारिस (नेपाली)मा | ५०० |
| १६ | कन्सुलर प्रमाणिकरण | १००० |
| १७ | बैंक खाता खोल्ने बन्द गर्ने सिफारिस | ५०० |
| १८ | मेलमिलाप न्यायिक समिति | १००० |
| १९ | वार्षिक आय प्रमाणित | ०.२ प्रतिशत कुल वार्षिक |

स्रोत : नासोँ गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को आर्थिक ऐन

आ.व.२०७८/०७९ को लागि स्विकृत नीति, कार्यक्रम तथा बजेटमा राजस्व परिचालनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू देहाय बमोजिम छन् :

- संविधान र संघीय कानुनी प्रावधान अनुसार स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्र भित्र रही समतामुलक, प्रगतिशील र न्यायपूर्ण पद्धति अपनाई कर तथा राजस्व निर्धारण गरिने छ।
- सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंशलाई बढाउदै लगिने छ।

- गाउँपालिकाले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी थप राजस्वका क्षेत्रहरूको पहिचान गर्दै आगामी वर्षदेखि राजस्व अभिबृद्धि गर्ने प्रयास गरिनेछ ।

### ३.३ आन्तरिक राजस्व संकलनको आय परिचालनको वर्तमान अवस्था

नासोँ गाउँपालिकाको वर्तमान संगठन तालिकामा राजस्व प्रशासन शाखाको व्यवस्था भएअनुसार सहायक स्तर (पाँचौ तह) को एक जना कर्मचारीको व्यवस्था गरिएको छ । राजस्व संकलन सम्बन्धी कार्यहरू वडा कार्यालयहरू मार्फत पनि सञ्चालन गरिएका छन् । वडा सचिवहरूले पनि राजस्व संकलन गर्दछन । यस गाउँपालिकाले राजस्व सम्बन्धी ऐन तथा कार्यविधिहरू तय गरी कार्य सञ्चालन गर्दै आइरहेको छ । गाउँपालिकाले आन्तरिक राजस्व परिचालनलाई थप सूचनामूलक एवं प्रभावकारी बनाउन राजस्व स्रोतहरू तथा स्रोतगत अनुसारका सम्भावित करदाताहरूको अभिलेख, तथ्याङ्क अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिन्छ ।

#### ३.३.१ स्थानीय कर तथा गैर कर राजस्व

नासोँ गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र गाउँपालिकाका अन्य ऐन अनुसारका राजस्व अधिकार प्रयोग गरी राजस्व संकलन गर्दै आएको छ । हालको कानुनी प्रावधान अनुसार गाउँपालिकालाई प्राप्त राजस्व अधिकारको प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गर्दा राजस्व परिचालनमा उपलब्ध दस्तावेजहरू तथा छलफलबाट प्राप्त जानकारीका आधारमा गाउँपालिकाको राजस्व परिचालनको वर्तमान निम्न अनुसार छ ।

**तालिका १० : राजस्व परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १. | सम्पत्ति (घरजग्गा) कर | भएको | भएको | नभएको |
| २. | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| ३. | घर जग्गाबहाल कर | भएको | भएको | नभएको |
| ४. | व्यवसाय कर | भएको | भएको | भएको |
| ५. | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | भएको | नभएको |
| ६. | जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर | भएको | भएको | भएको |
| ७. | मनोरञ्जन कर | भएको | भएको | नभएको |
| ८. | विज्ञापन कर | भएको | भएको | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| १. | ढुङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क | भएको | भएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| २. | नक्सापास दस्तुर | भएको | भएको | नभएको |
| ३. | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | भएको | भएको | भएको |
| ४. | वहालविटौरी शुल्क | भएको | भएको | नभएको |
| ५. | पार्किङ्ग शुल्क | नभएको | भएको | नभएको |
| ६. | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ७. | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| ८. | स्थानीय विद्युत महसुल | भएको | नभएको | नभएको |
| ९. | धार्मिक, मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | भएको | नभएको | नभएको |
| १०. | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | | | नभएको |
| ११. | मूल्याङ्कन सेवा शुल्क | | | नभएको |
| १२. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| १३. | वडामार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १४. | दण्ड जरिवाना | भएको | भएको | भएको |

*स्रोतः नार्सों गाउँकार्यपालिकाको कार्यालय, २०७८*

# परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले विगत आर्थिक वर्षहरूमा परिचालन गरेको आन्तरिक तथा बाह्य आयको अवस्था तथा आयको औसत बृद्धिदर आदिको समीक्षा तथा विश्लेषण गरिएको छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

नासोँ गाउँपालिकाले राजस्व परिचालन सम्बन्धी निम्नलिखित नीतिहरू अबलम्बन गरेको छ ।

१. गाउँपालिकाका कार्यालयमा एउटा छुट्टै राजश्व शाखा स्थापना गरि आवस्यक कर्मचारीको व्यवस्था गरि राजश्व सम्बन्धी जिम्मेवारी दिइनेछ ।

२. कृषि तथा पशुपन्छी पेशालाई व्यावसायीकतामा लैजान व्यवसाय दर्ता तथा नविकरणको लागि अभिमुखिकरण र प्रोत्साहन गरिनेछ ।

३. कर शिक्षाको प्रवर्द्धन  गर्दै करको दायरालाई वृद्धि  गर्दै लगिनेछ ।

४. कर जनचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

यस गाउँपालिकामा हालसम्म राजस्व संकलनको लागि राजस्व शाखा बनेको छैन भने वडा कार्यालय मार्फत् वडा सचिवहरूले सामान्य राजस्व संकलन गर्दै आएका छन् । हालसम्म आन्तरिक राजस्व संकलनको लागि कुनै पनि सफ्टवेयरको प्रयोग  गरिएको छैन र हातैले विल काट्ने गरिन्छ

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

नासोँ गाउँपालिकाले राजस्व अधिकारका स्रोतहरूको परिचालन गर्दै आइरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूपका थप स्रोत परिचालनबारे पनि दरहरू निर्धारण गरी आ.व.२०७८/०७९ को लागि आय अनुमान गरेको थियो । गाउँपालिकाको गत तीन वर्षको यथार्थ आय र चालु आ.व.को अनुमानित आय विवरण तलको तालिकामा दिइएको छ । यस अनुसार आ.व. २०७५/०७६ मा कूल आन्तरिक आय तेइस लाख पैतालिस हजार एक सय सतासी रूपैयाँ नब्बे पैसा (२३,४५,१८७।९०), आ.व.२०७६/०७७ मा सत्ताइस लाख चौध हजार सात सय तेत्तिस रूपैयाँ (२७,१४,७३३।९२) र आ.व. २०७७/०७८ मा चौबिस लाख एकानब्बे हजार आठसय पैतिस रूपैयाँ पचास पैसा (२४,९१८३५।५०) भएको देखिन्छ । आ.व.२०७८/०७९ का लागि उन्नाइस लाख पचास हजार (१९,५०,०००) रूपैयाँ अनुमान गरिएको छ । तल तालिकामा संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा वित्तीय हस्तान्तरण बापतका रकम उल्लेख गरिएको छ ।

**तालिका ११ : गाउँपालिकाको तीन आर्थिक वर्षको यथार्थ आय (रकम रू.मा)**

| क्र.स. | आय शीर्षकहरू | तीन आर्थिक वर्षको यथार्थ आय | | | तीन वर्षको औषत आय |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |

| क.स. | आय शीर्षकहरू | तीन आर्थिक वर्षको यथार्थ आय | | | तीन वर्षको औसत आय |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| क. | **आन्तरिक तर्फ** | | | | |
| १ | मालपोत कर | ४८०७१४ | २८५७०९ | ३०४१५६ | ३५६८६० |
| २ | घर जग्गा (सम्पत्ति) कर | ० | ० | ० | ० |
| ३ | घर वहाल कर | १६१२३७ | १६०१०२ | ५३०७६ | १२४८०५ |
| ४ | बहालविटौरी कर | १२१११६ | ० | ० | ४०३७२ |
| ५ | व्यवसाय कर | २५६६०० | ६०५५० | ५३२०० | १२३४५० |
| ६ | साना सवारी साधन कर | ० | ० | ० | ० |
| ७ | विज्ञापन कर | ० | ० | ० | १००००० |
| ८ | मनोरन्जन कर | ५००० | ० | ० | १६६७ |
| ९ | सार्वजनिक संरचना मर्मत संभार शुल्क | ० | ० | ० | १५०००० |
| १० | प्राकृतिक स्रोत उपयोग कर | २६२५०० | ० | ० | ८७५०० |
| ११ | घर नक्सा दस्तुर | ० | ० | ० | ३००००० |
| १२ | अन्य दस्तुर | ० | ० | ० | २५०००० |
| १३ | सेवाशुल्क तथा सिफारिस | २५२३६१ | १४८४५० | ८२१६८ | १६०९९३ |
| १४ | प्रशासनिक शुल्क तथा दण्ड सजाय | ० | ० | ० | २५००० |
| १५ | सिफारिस तथा बक्सौनी दस्तुर | ० | ७५९५० | २६४४२२ | ११३४५७ |
| १६ | सरसफाइ शुल्क | ० | ० | ० | ० |
| १७ | पार्किङ्ग | ० | ० | ० | ० |
| १८ | व्यक्तिगत घटना दर्ता (दण्ड जरिवाना दस्तुर) | ० | ० | ० | ५०००० |
| १९ | व्यवसाय, संस्थादर्ता/नवीकरण | ० | १७१५०५ | १४००० | ६१८३५ |
| २० | अनुमति/आबद्धता/ | ० | ० | ० | ० |
| २१ | अन्य | ८०५९२५ | १८१२४६८ | १५२९९१६ | १३८२७७० |
| **जम्मा आन्तरिक आय** | | **२३४५४५३** | **२७१४७३४** | **२३००९३८** | **३३२८७०८** |
| ख. | संघ राजस्व बाँडफाँट | २५६४३०९० | २६१२५६४२ | १३६७३१२ | १७७१२०१५ |
| ग. | प्रदेश राजस्व बाँडफाँट | ० | ० | ३२२९४९९६ | ३२२९४९९६ |
| घ. | अन्य आन्तरिक आय | २०६७३३५२ | २५७६६००० | २५५०८५८३ | २३९८२६४५ |
| ङ | संघ सरकारको अनुदान | *१३८३६७०९०* | *१७३३३५०००* | *१८११४५८१०* | *१७०९४९३००* |
| १ | समानीकरण अनुदान | *६००००००० * | *६६४००००० * | *६७१००००० * | *६४५००००० * |
| २ | सशर्त अनुदान | ७८३६७०९० | ९६९३५००० | ११४०४५८१० | ९६४४९३०० |

| क.स. | आय शीर्षकहरू | तीन आर्थिक वर्षको यथार्थ आय | | | तीन वर्षको औषत आय |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| ३ | विशेष अनुदान | ० | १०००००००० | ० | १०००००००० |
| ४ | समपुरक अनुदान | ० | ० | ० | ० |
| च. | **प्रदेश सरकारको अनुदान** | *१२१०६४८५* | *३०६०९०००* | *२२१५००००* | *२१६२१८२८* |
| १ | समानीकरण | १०६०७००० | ११७५९००० | १२१५०००० | ११५०५३३३ |
| २ | सशर्त अनुदान | *१४९९४८५* | ८८५०००० | ५०००००० | ५११६४९५ |
| ३ | विशेष अनुदान | ० | १०००००००० | ५०००००० | ५०००००० |
| ४ | समपुरक अनुदान | ० | ० | ० | ० |
| | **कुल जम्मा (रू.)** | १९९१३५४७० | २५८५५०३७६ | २६४७६७६३९ | २६९८८९४९३ |
| | **कुल बजेटमा आन्तरिक आयको योगदान (प्रतिशतमा)** | १.१८ | १.०५ | ०.८७ | १.२३ |

*स्रोतः नासोँ गाउँकार्यपालिकाको कार्यालय, २०७८*

नासों गाउँपालिकाले राजस्व अधिकारहरूको प्रयोग गर्दै आएको छ र आन्तरिक राजस्व कूल औषतमा १.१३ प्रतिशत संकलन गर्न सकेको देखिन्छ।

# परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

